# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नाहारा, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७६/७७
च.न.:

मितिः- २०७६/०६/०१

**गुणस्तरीय बीउ उत्पादनका लागि मूल बीउ खरीदमा ५० प्रतिशत अनुदान दिने बारेको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः- २०७६/०६/०१ गते**

प्रस्तुत विषयमा यस गाउँपालिका आर्थिक वर्ष २०७६/७७ को कृषि विकास तर्फको स्वीकृत कार्यक्रम अनुसार खाद्यान्न बाली (गहुँ र मकै) बालीमा केहि निश्चित क्षेत्रफलमा गुणस्तरीय बीउ उत्पादन गर्ने कार्यक्रम रहेकोले विगतका वर्षहरुमा **किसानका लागि उन्नत बीउ विजन कार्यक्रम** मा सहभागी भई बीउ उत्पादनको क्षेत्रमा अनुभव हासिल गरेका कृषक समूह वा सहकारीहरुले मूल बीउ लगाई गुणस्तरीय बीउ उत्पादनका सबै शर्तहरु पालना गरी बीउ उत्पादन गर्न चाहेमा मूल बीउ खरीदमा ५० प्रतिशत अनुदान दिइने भएकोले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशीलमा उल्लेखित विवरण सहित सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । प्राप्त निवेदनहरु प्राथमिकता र सम्भाव्यताको आधारमा छनौट गरिने छ ।

२०७६।६।१

**यादव भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

तपशीलः

१. बीउ उत्पादन गर्न समूह तथा सहकारीहरु गाउँपालिकामा दर्ता वा नवीकरण भएको हुनुपर्ने ।
२. बीउ उत्पादनको लागि भर्नुपर्ने विवरण फाराम गाउँपालिका बाट उपलब्ध हुनेछ ।
३. समूह तथा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. वडाको सिफारीस ।
५. समूह तथा सहकारीको बीउ उत्पादन गर्नेबारेको निर्णय प्रतिलिपि ।

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np